# पशुपन्छी पकेट क्षेत्र स्थापना तथा विस्तार कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)

उन्नत नश्लको गाईभैंसी, भेडाबाखा, कुखुरा र माछापालनबाट उत्पादनशील पशुहरुको संख्यात्मक तथा गुणात्मक वृद्धि गरी पशुपन्छी तथा मत्स्यजन्य पदार्थहरुको उत्पादन बढाउन गण्डकी प्रदेश सरकारको “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यबिधि, २०७७” को दफा ४० ले दिएको अधिकार प्रयोग गरी पशुपन्छी पकेट क्षेत्र स्थापना तथा बिस्तार सम्बन्धी कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

**१. आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :**

**१.१ आवेदकको योग्यता :**

क) आवेदक समूह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) बुँदा नं २(ख) बमोजिम पूर्वाधार तथा शर्तहरु पूरा भएको हुनुपर्नेछ।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) आवेदकले कम्तिमा १० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

**२. प्रस्ताव छनौट :**

**क) मूल्याङ्कनका आधारहरु :**

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१** | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **२५** |
| **१.१** | **लागत** | **५** |
| १.१.१ | कुल लागतमा आवेदकको ५० % भन्दा बढी लागत साझेदारी भएको | ५ |
| १.१.२ | कुल लागतमा आवेदकको २५ % भन्दा माथि ५० % सम्म लागत साझेदारी भएको | ४ |
| १.१.३ | कुल लागतमा आवेदकको १० देखि २५ % सम्म लागत साझेदारी भएको | ३ |
| **१.२** | **उत्पादन र उत्पादकत्व वृद्धि** | **१०** |
| १.२.१ | हालको उत्पादनमा ४० % वा सो भन्दा बढीले वृद्धि गर्ने | १० |
| १.२.२ | हालको उत्पादनमा ४० % भन्दा कमले वृद्धि गर्ने | ६ |
| **१.३** | **बजारीकरण** | **१०** |
| १.३.१ | आफ्नो कुल उत्पादन मध्ये ५० % वा सो भन्दा बढी परिमाण विक्री गर्ने | १० |
| १.३.२ | आफ्नो कुल उत्पादन मध्ये ५० % भन्दा कम परिमाण विक्री गर्ने | ६ |

| | | |
|---|---|---|
| २ | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | **१०** |
| २.१ | **पूर्वाधार** | **५** |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको, घाँसमा आधारित पशुपालन भएको (घाँसमा आधारित पशुपालन आवश्यक नभएमा मूल्याङ्कनमा नराख्ने) | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको, वा घाँसमा आधारित पशुपालन नभएको (घाँसमा आधारित पशुपालन आवश्यक नभएमा मूल्याङ्कनमा नराख्ने) | ३ |
| **३** | **आवेदकको अनुभव तथा क्षमता** | **५** |
| ३.१ | २ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | **लाभान्वित घरधुरी** | **५** |
| ४.१ | ३० वा ३० भन्दा बढी | ५ |
| ४.२ | ३० भन्दा कम | ३ |
| **५** | **अपेक्षित नतिजा र दिगोपना** | **५** |
| ६ | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ६.१ | नलिएको | १० |
| ६.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | ६० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**ख) आवश्यक न्यूनतम पूर्वाधार तथा शर्तहरु :**

अ) गाईभैंसी (डेरी पकेट) को हकमा दैनिक सरदर ५०० लि. दुध बिक्री गरेको, पाडापाडी बाच्छाबाच्छी हुर्काउने गरेको र घाँसमा आधारित पशुपालन गरेको हुनुपर्नेछ।

आ) भेडाबाख्राको हकमा प्रति पकेट कम्तिमा २५० माउ सहित ५०० गोटा, बंगुरको हकमा प्रति पकेट कम्तिमा १०० माउ सहित ३०० गोटा, स्थानीय कुखुरा र हाँसको हकमा कम्तिमा १००० गोटा पशुपन्छी पालन गरिरहेको हुनुपर्नेछ।

इ) माछा पकेटको हकमा पहाडमा वार्षिक १० टन उत्पादन वा ३० रोपनीमा पालन गर्ने र तराईमा ३० टन उत्पादन वा ६ विघा क्षेत्रफलमा माछाको पालन गरिरहेको हुनपर्नेछ।

## ३. प्रस्तावको ढाँचा

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय :

ङ) लाभान्वित (कार्यक्रममा सहभागी हुने) घरधुरी संख्याः

च) संचालन गरीने क्रियाकलापको विवरण :

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्य | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

छ) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन आदि):

| क्र.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

ज) उत्पादित वस्तुहरुको बजारीकरण कहाँ, कसरी र वार्षिक कति मात्रामा गर्ने :

झ) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. संचालन गर्न सकिने क्रियाकलापकहरु :**

४.१ स्वीकृत बजेटको परिधि भित्र रही देहायका क्रियाकलापहरु संचालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) खोर गोठ निर्माण/सुधार र पोखरी निर्माणको लागि प्रति कृषक अधिकतम रु २५०००/- र पोखरी सुधारका लागि प्रचलित मापदण्ड बमोजिमको अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

ख) पशु प्रजनन, पशु स्वास्थ्य तथा घाँस उत्पादनमा सहयोग।

ग) आवश्यक उपकरण समाग्री व्यवस्थापनमा सहयोग।

घ) स्थापित पकेट क्षेत्रहरुमा बढीमा थप २ वर्षसम्म फलोअपका कार्यक्रमहरु संचालन गर्न सकिनेछ।

४.२ कार्यक्रम संचालन हुने क्षेत्रमा कार्यक्रमबारे अभिमुखिकरण र पशुपन्छी तथा मत्स्य सम्बन्धी स्थलगत तालिम कार्यालयले संचालन गर्न सक्नेछ।